बैठक संख्या १६

मिति २०७७।०२।२७ गते श्रीमान प्र.जि.अ. हुमकला पाण्डेज्यूको संयोजकत्वमा तथा जिल्ला समन्वय समिति भक्तपुरका अध्यक्ष श्री नवराज गेलाललगायत देहायका महानुभावहरुको उपस्थितिमा जिल्लास्तरीय संकट व्यवस्थापन केन्द्र (सिएमसी) भक्तपुरको १६ औं बैठक बसि देहाय अनुसार छलफल र निर्णय गरियो ।

उपस्थिति:

सल्लाहकार - अध्यक्ष श्री नवराज गेलाल, जिल्ला समन्वय समिति भक्तपुर

१. प्रमुख जिल्ला अधिकारी श्री हुमकला पाण्डे, जिल्ला प्रशासन कार्यालय भक्तपुर

२. जिल्ला समन्वय अधिकारी श्री जगन्ननाथ लामिछाने , जिल्ला समन्वय समितिको कार्यालय भक्तपुर

३. प्रमुख सेनानी श्री शिव प्रसाद पौडेल, वीरदल गण सुर्यविनायक व्यारेक

४. प्रहरी उपरिक्षक श्री सविन प्रधान, महानगरीय प्रहरी परिसर भक्तपुर

५. सशस्त्र प्रहरी उपरिक्षक श्री विश्वकुमार भट्टराई, सशस्त्र प्रहरी बल नेपाल २२ नं गण

६. उप अनुसन्धान निर्देशक श्री सुरेन्द्र कोइराला, रा.अ.वि.जिल्ला कार्यालय भक्तपुर

७. सहायक प्रमुख जिल्ला अधिकारी श्री दुर्गादत्त ढकाल

८. मे.सु. श्री सुमित्रा गौतम, भक्तपुर अस्पताल

९. कार्यालय प्रमुख श्री कृष्णबहादुर मिजार, स्वास्थ्य कार्यालय भक्तपुर – स्थायी आमन्त्रित

१०. प्रमुख श्री मनोज थापा, नेपाल रेडक्रस सोसाइटी भक्तपुर – स्थायी आमन्त्रित

छलफलका विषयहरु

१. शव व्यवस्थापन सम्बन्धमा ।

निर्णय

१. जिल्ला सिन्धुपाल्चोक लिसंखु पाखर गाउँपालिका वडा नं. ३ स्थायी ठेगाना भई हाल भक्तपुर जिल्ला चाँगुनारायण नगरपालिका वडा नं. ३ झौंखेल बस्ने वर्ष ३६ की सन्तमाया तामाङलाई मिति २०७७।०२।२५ गते साँझ १८.०० बजे सुत्केरी हुनको लागि भक्तपुर अस्पतालमा भर्ना गरिएकोमा सामान्य अवस्थामा डेलिभरी भई छोराको जन्म भएपश्चात श्वासप्रश्वासमा समस्या आई राती २१.०० बजे अस्पतालद्वारा मृत घोषणा गरेको ।

निजको कोभिड-१९ सम्बन्धी RTD परीक्षण पोजेटिभ, PCR परीक्षणको नतिजा नेजेटिभ देखिएको र मृतकको पति रहरसिंह तामाङले मिति २०७७।२।२७ गते आफ्नो आर्थिक क्षमता कमजोर रहेको, काठमाडौंमा आफन्त नभएको, घर सिन्धुपाल्चोक भएकोले लकडाउनका कारण आफन्त आउन समेत नसक्ने भनी निजको श्रीमतीको शव व्यवस्थापन गरिदिन अनुरोध गरी जिल्ला प्रशासन कार्यालय भक्तपुरमा मिति २०७७।२।२७ गते निवेदन दिनुभएको हुँदा वर्तमान परिस्थिति र निजको दयनीय अवस्थालाई मनन गरी पशुपतिस्थित विद्युतिय शवदाहगृहमा जिल्लाका सुरक्षा निकायको समन्वय, सहयोग र निजको उपस्थितिमा शव सद्गत गर्न आवश्यक प्रबन्ध मिलाउने निर्णय गरियो ।